आज मिति २०७५।०३।०४ गतेका दिन नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम छलफल एवं निर्णय गरियो ।

**कार्यपालिकाका निर्णयहरु :**

१. नगर सभाबाट नीति तथा कार्यक्रम एवं ऐन नियम पारित गर्ने कार्यको तालिका तयार गर्ने निर्णय गरियो ।

२. नीति तथा कार्यक्रम २०७५ आषाढ १० गते देखि २० गतेसम्ममा छलफल गरी पारित गर्ने निर्णय गरियो ।

३. नगरपालिकाको तयारी समितिले मस्यौदा तयार गरेको ऐन, नियम, कार्यविधि माथि कार्यपालिकाका सदस्यहरुबाट ४ समूह गठन गरी समूहगत रुपमा छलफल गरी सुझाव प्राप्त भएपछि तयार गरिएको ऐन, नियम, कार्यविधि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

४. नगर उद्यान (पार्क) को लागि जिल्ला वन कार्यालय मार्फत आ.व.०७४।०७५ मा संचालित वडा नं. ८ लगलगेमा निर्माण हुने उद्यान (पार्क) को लागि सिद्धिचरण नगरपालिका वडा नं. ८ निवासी श्री दिलमाया मगर र निजका पति पर्वत कुमार मगर समेतले जग्गा निशुल्क नगरपालिकाको नाममा उपलब्ध गराउन मन्जुरी सहितको निवदेन यस नगरपालिकालाई दिएको उक्त १ रोपनी जग्गा मालपोत कार्यालयबाट रजिष्टेशन पास गर्ने प्रक्रिया अगाडि बढाई नगरपालिकाको नाममा जग्गा प्राप्त भईसकेपछि नगर उद्यान (पार्क) बनाउन सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता समेत गर्ने निर्णय गरियो ।